नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल, काठमाडौं

फोन नं. :०१-५३२०३११
०१-५३२०४३३/५६७
ईमेल : info@feb.gov.np

प.सं: २०८३/०८४
च.नं: ८५६

मिति: वि.सं.२०८३/०८/१०
ने.सं.११४७

श्री स्थानीय तहहरु (सबै),

विषय:- सहजीकरण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगार बोर्डको सचिवालयले श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका श्रमिकहरुका लागि विभिन्न प्रकारका कल्याणकारी सेवाहरु प्रदान गर्दै आईरहेको व्यहोरा अनुरोध छ। वैदेशिक रोजगारीको क्रममा गम्भीर विरामी/अंगभंग वा मृत्यु भएकाहरुको हकमा आवश्यक पर्ने कागजातहरु प्रमाणित गरी/गराई स्थानीय तहहरुबाट नआउँदा निवेदकले यस सचिवालयबाट समयमै भुक्तानी नपाईरहेको अवस्था छ । तसर्थ, त्यस्ता व्यक्तिहरुको हकमा तपसिल बमोजिमका सेवा सुविधाहरुको लागि तपसिल पाना-६ बमोजिमका कागजातहरु एकमुष्ट रुपमा यथाशीघ्र पठाई सहजीकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

तपसिल:

१. गम्भीर विरामी तथा अंगभंग भएमा आर्थिक सहायताका लागि पेश गर्नुपर्ने कागजातहरुको सूची,
२. श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका श्रमिकको मृत्यु भएमा निजको परिवारलाई प्रदान गरिने आर्थिक सहायताको लागि आवश्यक कागजातहरुको सूची,
३. सनाखत सिफारिसको ढाँचा (गम्भीर विरामी/अंगभंगका लागि),
४. सनाखत सिफारिसको ढाँचा (मृत्यु),
५. अनुसूची-३ को निवेदन फाराम,
६. अनुसूची-६ को निवेदन फाराम,

२०८३/०८/१०
(सीता थापा)
शाखा अधिकृत

बोधार्थ:

श्री आप्रवासी स्रोत केन्द्र/उप-केन्द्रहरु सबैः आवश्यक जानकारी एवं सहजीकरणका लागि ।

फोन नं. : ०१-५३२०३११
०१-५३२०४३३/५६७
ईमेल : info@feb.gov.np

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

गम्भीर विरामी तथा अंगभंग भएमा आर्थिक सहायताका लागि पेश गर्नुपर्ने कागजातहरुको सूची:

- अनुसूची -३ को निवेदन फाराम (विरामीको स्पष्ट सहीछाप देखिने गरी)
- ढाँचा अनुसारको सनाखत सिफारिस (विरामीको स्पष्ट सहीछाप देखिने गरी)
- विदेशमा उपचार गरेको सम्पुर्ण रिपोर्टहरु (यदि विदेशमै अंगभंग तथा गम्भीर विरामी भएमा),
- नेपाल र विदेशमा उपचार गरेको सम्पुर्ण रिपोर्टहरुको सक्कल कपी (**Original Document**) स्क्यान,
- अंगभंग भएमा सो देखिने अनुहार सहितको स्पष्ट फोटो,
- विरामीको बैंक चेकको स्पष्ट फोटो (यदि विरामी अचेत अवस्थामा हो भने मनासिव कारण खुलाई नजिकको हकवाला कायम सिफारिस आएमा हकवालाको खातामा भुक्तानी गर्न सकिने),
- विरामीको नागरिकता,
- विरामीको राहदानी, आगमन र प्रस्थान छापहरु,
- निवेदकको निवेदन पालिकामा दर्ता भएको देखिने दर्ताको छाप,
- भारतबाट आगमन र प्रस्थान भएको हो भने सो को टिकट ।

नोट:

- सनाखत र निवेदन एकसाथ प्राप्त नभएमा फाइल दर्ता नहुने,
- सम्पुर्ण कागजातहरु सक्कल, स्पष्ट र फुल पेज स्क्यान भएको हुनुपर्ने (कागजातमा कुनै पनि एपको लोगो नदेखिने गरी),
- यदि विरामी गम्भीर अवस्थामा रही सहीछाप गर्न नसकेमा नजिकको हकवालाले गर्न सकिने,
- यदि माथि उल्लेखित कागजातहरुमा कुनै समस्या भएमा बोर्डमा सम्पर्क गरी जानकारी लिन सकिने,
- यदि विरामीको नागरिकतामा भएको नाम अनुसार रिपोर्टमा नाम फरक परेमा अवस्था हेरी सम्बन्धित निकायबाट सो को प्रमाणित सिफारिस,
- बैंक चेक सम्बन्धमा: ("क" वर्गको बैंक र **Normal Savings Account** मात्र मान्य हुने),
- हकवाला कायम सम्बन्धमा: (हकवाला कायम गर्नुपर्ने अवस्था आएमा सोही अनुसारको नागरिकता, विवाहदर्ता लगायतका कागजातहरु आवश्यक पर्ने, जसमा विवाहित हो भने श्रीमान् वा श्रीमती र अविवाहित हो भने आमा वा बुवालाई राख्न सकिने तर महिला कामदार हो भने अविवाहित सिफारिस अनिवार्य) ।
- आर्थिक सहायताको लागि विरामी नेपाल फर्किएकै हुनुपर्ने,
- आवश्यक परेमा बोर्डले अन्य कागजात समेत माग गरी छानबिन गर्न सकिने । धन्यवाद ।

कल्याणकारी सेवा प्रवाहमा बोर्ड सदैव संवेदनशील रहेको व्यहोरा अवगत गराइन्छ ।

२०७८।०८।१७

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल, काठमाडौं

फोन नं. : ०१-५३२०३११
०१-५३२०४३३/५६७
ईमेल : info@feb.gov.np

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएँका श्रमिकको मृत्यु भएमा निजको परिवारलाई प्रदान गरिने आर्थिक सहायताको लागि आवश्यक कागजातहरुको सूची:

१. अनुसूची-६ को निवेदन (नेपाल र विदेशमा मृत्यु भएको हकमा),
२. नाता प्रमाणितको पत्र,
३. किटानी सिफारिस,
४. हकवाला र मृतकको नागरिकता (हकवालाको नागरिकता मा श्रीमान्/श्रीमतिको नाम उल्लेख नभएको अवस्थामा विवाह दर्ता/विवाह प्रमाणित सिफारिस),
५. मृतकको राहदानी, आगमन र प्रस्थान छापहरु, (नेपालमा वा विदेशमा मृत्यु भएको अवस्था अनुसार),
६. आमा-बुवाको नागरिकता, मन्जुरीनामा/आमा-बुवा दुवै जना हकवाला हुने भए संयुक्त 'क' वर्गको बैंक खाता (Normal saving Account) र अविवाहित सिफारिस (यदि मृतक अविवाहित भएमा),
७. राजदूतावासको पत्र (NOC) र Death Certificate (विदेशमा मृत्यु भएको हकमा),
८. भन्सार प्रज्ञापनपत्र (विदेशमा मृत्यु भएको हकमा),
९. सर्जिमिन मुचुल्का/प्रहरी घटनास्थल मुचुल्का/अस्पतालको Death Certificate (अस्पतालको रोग प्रमाणित गर्ने कागजात/Discharge Summary) नेपालमा मृत्यु भएको हकमा,
१०. ढाँचा अनुसारको सनाखत सिफारिस,

नोटः
बोर्डलाई आवश्यक परेमा अन्य कागजात समेत माग गरी छानबिन गर्न सकिने र कागजातहरु स्पष्ट रुपमा स्क्यान गरी अपलोड गर्नुपर्ने ।

२०८३/०८/१०

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

(श्रम अवधिभित्र अङ्गभङ्ग भएका कामदारले आर्थिक सहायताका लागि दिने निवेदन)

विशेषज्ञ समितिबाट सिफारिस भएको आर्थिक सहायता प्रतिशत अङ्कमा..... (अक्षरमा.....)

हस्ताक्षरः

श्रीमान् कार्यकारी निर्देशक
वैदेशिक रोजगार बोर्डको सचिवालय, काठमाण्डौ ।

म.....वैदेशिक रोजगारको लागि इजाजतपत्रवाला श्री ..... मार्फत..... (मुलुक) गएकोमा मिति.....का दिन सोहि मुलुकको.....भन्ने स्थानमा दुर्घटनामा परी अङ्गभङ्ग भएको हुँदा वैदेशिक रोजगार निमावली, २०६४ को नियम २८ (४) बमोजिम आर्थिक सहायता पाउन निम्न कागजात र विवरण यसै साथ राखी सोहि नियमावलीको नियम २८ (३) को म्याद भित्र निवेदन दिन आएको छु। नियमानुसार आर्थिक सहायता पाउन अनुरोध गर्दछु।

१. निवेदकको

(क) नाम थर :

(ख) राहदानीको नं. :

(ग) नागरिकता नं. :

(घ) दुर्घटना सम्बन्धि विवरण :

२. बाबुको नाम :

३. पति/पत्निको नाम

४. काम गर्न गएको मिति :

५. फर्किएको मिति :

६. श्रम स्वीकृतिको पत्र र मिति :

७. करारपत्र र करार अवधि :

८. दुर्घटना सम्बन्धी प्रमाणपत्र (कम्पनी/दुतावास/अस्पताल) :

अङ्गभङ्ग/उपचार खर्चको लागि निवेदन दिदा पेश गर्नु पर्ने कागजातहरु र विवरण।		
१	अङ्गभङ्ग/उपचार गरेको प्रमाणपत्र कम्पनी वा दुतावास/अस्पतालको कागजातको प्रतिलिपि	
२	कामदारको नागरिकता/राहदानी प्रतिलिपि	
३	नेपाल फर्किएको टिकट वा पासपोर्टमा टांसेको प्रस्थान र आगमन स्टिकरको प्रतिलिपि	
४	नेपालको सरकारी अस्पताल वा मान्यताप्राप्त अस्पतालमा उपचार गराएको प्रमाण पत्रको प्रतिलिपि	
५	घाउ/चोट पटक स्पष्ट देखिने फोटो (अंगभंग भएकाको हकमा)	
६	कामदारको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि	
७	अचेत अवस्थामा रहेको कामदारको हकमा निवेदकको नागिरकता र कामदारसंगको नाता प्रमाणपत्रको प्रतिलिपि र नागरिकत	

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय २०६४

यो निवेदन साथ पेश गरेका कगजातहरु ठिक दुरुस्त छन् पछि फरक पर्न गएमा कानुन बमोजिम सहुला बुझाउला

सहिछाप

दायाँ	बायाँ

नाम थर :

मोवाइल नं.

हस्ताक्षर :

मितिः २०.....।....।...., जिल्ला..... गा.पा/न.पा..... वडा.नं.....

अनुसूची-६

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

(श्रम अवधिभित्र मृत्य भएका कामदारको नजिकको हकवालाले आर्थिक सहायताका लागि दिने निवेदनको ढाँचा)

श्रीमान् कार्यकारी निर्देशक
वैदेशिक रोजगार बोर्डको सचिवालय,
काठमाडौं।

मेरो.....श्री.....वैदेशिक रोजगारको लागि इजाजतपत्रवाला श्री ...../व्यक्तिगत मार्फत.....(मुलुक) गएकोमा मिति.....का दिन सोही मुलुकको...../ स्वदेशको .....प्रदेश.....गा.पा./न.पा.....वडा नं. .....भन्ने स्थानमा मृत्यू भएको हुँदा निजको शव प्राप्त भै आफ्नो परम्परा अनुसार दाह संस्कारको कार्य सम्पन्न भएकोले वैदेशिक रोजगार निमावली, २०६४ को नियम २८ (२) बमोजिम आर्थिक सहायता पाउन निम्न कागजात र विवरण यसै साथ राखी सोहि नियमावलीको नियम २८ (१) को म्यादभित्र स्थानीय तहमार्फत निवेदन दिएको छु। नियमानुसार आर्थिक सहायता पाउन अनुरोध गर्दछु।

१. मृतकको :

(क) नाम र थर :

(ख) राहदानी नं. :

(ग) नागरिकता नं. :

२. बाबुको नाम :

३. नजिकको हकवालाको नाम :

४. पति/पत्नी को नाम :

५. मृतकसँग निवेदकको नाता :

६. काम गर्न गएको मिति :

७. करार अवधि :

८. निवेदकको नागरिकता नं. :

९. जारी मिति :

१०. मृत्युको कारण :

हकवालाहरुले आर्थिक सहायताको लागि निवेदन दिदा पेश गर्नुपर्ने कागजातहरु		
१	स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि	
२	विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्यु भएको प्रमाण र प्रज्ञापन पत्र/विदेश वा स्वदेशमा उपचार गराएको कागजातको प्रतिलिपि	
३	कामदारको नागरिकता र राहादानीको प्रतिलिपि	
४	हकवालको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस समेतको प्रतिलिपि	
५	स्थानीय तहबाट हकवाला खुलेको फोटो सहितको कटानी सिफारिस	
६	हकवालको बैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि	
७	अन्य आवश्यक कागजातको प्रतिलिपि (मन्जुरीनामा, सर्जमीन मुचुल्का आदि)	

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय २०६४

माथी पेश गरेका कागजातहरु ठिक र दुरुस्त छन् पछि फरक पर्न गएमा कानुन बमोजिम सहुँला बुझाउँला।

सहिछाप

दायाँ	बायाँ

निवेदक:

हस्ताक्षर :

नाम थर :

सम्पर्क नं. :

मिति : २०.....।.....।..... .....प्रदेश.....जिल्ला ..... गा.पा./ नगरपालिका ....वडा नं

..... म.न.पा/उप.म.न.पा/न.पा/गा.पा.को वडा नं... को कार्यालयमा उपस्थित भई गरिदिएको सनाखत ।

(दायाँ)	(बायाँ)

(विरामी/अंगभंगको लागि सनाखत सिफारिसको नमुना)

म.....(नाम,थर, नागरिकता नम्बर, जारी मिति) वैदेशिक रोजगारीको सिलसिलामा ..... देशका लागि.....गते श्रम स्वीकृति लिई गएकोमा हाल म.....रोग लागि उपचाररत रहेको हुँदा वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने विरामी/अंगभंग बापतको रकम प्राप्त गर्नका लागि पेश गरिएका कागजातहरु मैले आँफै पेश गरेको हुँ । मैले पेश गरेका कागजातहरुको आधिकारिकता पुष्टी गर्न नसके वा कुनै अड्डा अदालतबाट झुठा ठहरेमा म आँफै नेपालको प्रचलित कानून अनुसार सहन बुझाउन तयार छु भनी .....म.न.पा/उप.म.न.पा/न.पा/गा.पा.को वडा नं.....को कार्यालयमा स्वयंम उपस्थित भई यस कागजमा तपसिल बमोजिमको रोहवरमा सहीछाप गरी सनाखत गरेको छु ।

रोहवरः

१. श्री ..... वडा अध्यक्ष, वडा नं. .... म.न.पा/उप.म.नपा/न.पा/गा.पा

२. श्री ..... वडा सचिव, वडा नं. .... म.न.पा/उप.म.नपा/न.पा/गा.पा

३.

निवेदक

नामः

राहदानी नम्बरः

ठेगानाः

(विरामी/अंगभंगको लागि सनाखत सिफारिसको नमुना)

(वडाको छाप अनिवार्य लगाउनुपर्नेछ)

(दायाँ)	(बायाँ)

इति सम्वत्.....साल.....महिना.....गते रोज शुभम्.....।

वैदेशिक रोजगार बोर्ड

सनाखतको ढाँचा

दाँया बाँया

म ..... को ..... नाता पर्ने श्री ..... बैदेशिक रोजगारीको सिलशिलामा ..... देशका लागि श्रम स्वीकृती गरि गएकोमा मिति ..... सन् ..... का दिन मृत्यु भएको हुँदा बैदेशिक रोजगार बोर्डको सिचवालय बबरमहलबाट प्रदान गरिने क्षतिपुर्ति रकम प्राप्त गर्नको लागि पेश गरिएका कागजातहरु मैले आफै पेश गरेको हुँ । मैले पेश गरेको कागजातहरुको आधिकारिकता पुष्टी गर्न नसके वा कुनै अड्डा अदालतबाट झुठा ठहरेमा म आफै नेपालको प्रचलित कानुन अनुसार सहन बुझाउन तयार छु भनि ..... पालिका /वडा कार्यालयमा स्वयम उपस्थित भई यस कागजको दुबै किनारामा सहिछाप गरि सनाखत गरेको छु ।

निवेदक

नामः-

ठेगानाः-

दाँया बाँया

रोहबरः-

१. श्री .....(..... नं. वडाध्यक्ष)

२. श्री .....

३. श्री .....

इति सम्बत २०८३ साल .....महिला ..... गते ..... रोज शुभम् ।

कार्यालयको छाप